# औरही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८०/०८१

चलानी नं. :-

मिती :२०८०/०८/१२

**विषयः-बैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारे सूचना।**

उपरोक्त सम्बन्धमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्ड सचिवालयको च.न.४२१ मिति २०८०/०८/०४ गतेको पत्रानुसार वैदेशिक रोजगार सन्तति छात्रवृत्ति संचालन कार्यविधि,२०८० बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु वा अंगभंग वा बिरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत अशक्त भएका श्रमिकहरुलाई १८ वर्ष मुनिका सन्ततिहरु पुर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि १२ कक्षा सम्मका विधार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डबाट गराइने छात्रवृत्तिका लागि तपसिल अनुसारको कागजात सहित आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसूचि १ बमोजिम ढाँचामा फारम भरि २०८० पुस मसान्त सम्म निवेदन दिन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु (नयाँ आवेदनको लागि)**

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि । कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात ।
- वैदेशिक रोजगारीमा गई सोहि क्रममा अशक्त भएका कामदारको पूर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
- विधार्थीको जन्म दर्ताको प्रतिलिपि ।
- निवेदक, संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि ।
- विधार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिस ।

**छात्रवृत्तिको सिमा**

वार्षिक रुपमा आधारभूत तहको लागि रु. १२०००।- र माध्यमिक तहको लागि रु. १६०००।- प्रदान गरिने छ । (एक जना विधार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति उपलब्ध गराइनेछ ।

..............................

धिरेन्द्र लाल कर्ण

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची — १

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**(छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा)**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

...........................

**विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस उपलब्ध गराइ पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको .............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त विरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुः-

<u>संलग्न कागजातहरू</u>

क) कामदारको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

**निवेदक**

नाम, थर :

ठेगाना :

मोवाईल नं. :

कक्षा :

रोल नं. :